# नमुना वस्ति निर्माण सम्बन्धी कार्यविधि-२०८०

प्रमाणीकरण र प्रकाशन मितिः २०८०।०९।२६

**प्रस्तावना**

अजिरकोट गाउँपालिकको कुल जनसंख्याको २१% ( घरधुरी सर्वेक्षण २०७६) भन्दा बढी जनसंख्या दलित( विश्वकर्मा, सार्की, दमै) को रहेको छ।अजिकरोट गाउँपालिकमा यति धेरै जनसंख्या रहेको दलितहरुको आर्थिक तथा सामाजिक अवस्था अन्य जातजातिको भन्दा कमजोर रहेको छ। दलित समुदायको मानव अधिकारको सम्मान तथा हक,हितको संरक्षण र सम्वद्र्धन तथा सोसमुदायको सशक्तीकरण गर्न तथा जातीय भेदभाव र छुवाछूतको अन्त्य गरी असल समाज निर्माण तथा विकासको मूल प्रवाहमा प्रभावकारी रूपमा समाहित गरि दलितहरुको सामाजिक अवस्था सुधारको लागि अजिरकोट गाउँपालिकाले आर्थिक वर्ष २०८०-०८१को वार्षिक नीति तथा कार्यक्रममा कुनै एउटा दलित वस्तीलाई नमुना वस्तीको रुपमा विकास गर्ने भन्ने कार्यक्रम रहेकोले उक्त कार्यक्रम कार्यान्वयनको लागि स्थानिय सरकार संचाल ऐन-२०७४ को दफा १०२ को उपदफा (२) को अधिकार प्रयोग गरि अजिरकोट गाउँपालिकाले नमुना दलित वस्ती निर्माण कार्यविधि बनाई  गाउँकार्यपालिकाको बैठक वाट पारित गरि जारी गरिएकोछ ।

## परिच्छेद-१
## प्रारम्भिक

**१. संक्षीप्त नाम र प्रारम्भिः**

(क) यस कार्यविधिको नाम “ नमुना दलित वस्ती निर्माण कार्यविधि-२०८०" रहेको छ ।

(ख) यो कार्यविधि अजिरकोट गाउँपालिकाको क्षेत्रभर लागू हुनेछ ।

(ग) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

**२. परिभाषाः** विषय वा प्रसङ्गले अन्य अर्थ नलागेमा यस कार्यविधिमाः

क) (क) “अध्यक्ष” भन्नाले गाउपालिकाअध्यक्ष सम्झनु पर्छ ।

ख) "गाउँपालिका" भन्नाले अजिरकोट गाउँपालिका सम्झनुपर्दछ।

ग) “कार्यविधि” भन्नाले “नमुना दलित वस्ती निर्माण कार्यविधि कार्यविधि-२०८० लाई सम्झनु पर्छ।

घ) “कार्यक्रम” भन्नाले नमुना वस्ती निर्माण आयोजना भित्र गरिने विभिन्न कार्यक्रमहरु सम्झनुपर्छ ।

ङ) "नमुना वस्ती" भन्नाले कुनै सामाजिक, संस्कृतिक, धार्मिक विशेषता बोकेको र  सरसफाई युक्त व्यवस्थित वसोबास रहेको गाउँवस्ती जहाँ आन्तरिक तथा बाह्य पर्यटकहरु अवलोकन तथा अध्यानको लागि आउछन।

च) “जातीय भेदभाव तथा छुवाछूत” भन्नाले जात, जन्म, वंश, वर्ण वा पेशाका आधारमा गरिने कुनै पनि प्रकारको भेदभाव, बहिष्करण, अस्वीकार, प्रतिबन्ध, निषेध, शोषण, दमन, निष्काशन, नाकाबन्दी वा छुवाछूतजन्य व्यवहार, असहिष्णुता वा अवहेलना र प्रचलित कानून बमोजिमका परिभाषा समेतलाई सम्झनुपर्छ।

(छ) “तोकिएको” वा “तोकिए बमोजिम” भन्नाले यस कार्यबिधि अन्तर्गत बनेको नियममा तो)तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ।

ङ) “दलित समुदाय” भन्नाले नेपाल सरकारले परिभाषित गरेको समुदाय सम्झनु पर्छ।

## परिच्छेद-२
## उदेश्य तथा कार्यक्रम संचालन प्रकृया

### ३. कार्यक्रमको उदेश्यः-

क) अजिकरोट गाउँपालिका भित्रको कुनै एउटा दलित बस्तीलाई नमुना गाउँको रुपमा विकास गर्नु

ख) नमुना गाउँका बस्तीहरुलाई सरसफाईयुक्त व्यबस्थित बनाउनु।

ग) नमुना गाउँका महिला तथा बालबालिकालाई बाल हिंसा, वालबिवाह, जातिय छुवाछुत तथा विभेदको बरेमा सचेतिकरण गर्नु।

घ) दलित वस्तीलाई सामाजिक तथा आर्थिक सशक्तिकरण गरि सभ्य समाजको निर्माण गर्नु।

**४. कार्यक्रम संचालन प्रकृया तथा विधिः**

- अजिरका गाउँपालिकको गाउँकार्यपालिकको बैठकवाट नमुना दलित बस्ती निर्माणको लागि दलितहरुको बाक्लो वस्ती रहेको एउटा गाउँ छनोट गरिने छ।
- नमुना दलित वस्ती निर्माणको लागि छनोट भएको बस्तीमा कार्यक्रम कार्यान्वयनको लागि समिति तथा उप समितिहरु गठन गरिने छ।
- छनोट भएको वस्ती र गाउँपालिका विचमा के- के गर्ने र के नगर्ने भनि सर्तहरु राखी दुई पक्षको सम्झौता गरिने छ।
- उक्त समुदायका महिला,युवा तथा वालबालिककालाई सामाजिक सचेतिकरण गरिने छ।
- समुदायमा फोहोर मैला व्वयस्थापन, गोरेटो बाटो हरु पुनर्निर्माण, आर्थिक आयआर्जना गतिबिधिहरु संचालन गरिने छ।
- समुदायको आर्थिक, सामाजिक रुपमा सशक्तिकरण तथा भौतिक संरचनाको मर्मत गरि दलित वस्तिको समग्र क्षेत्रमा सुधार गरिने छ।  अन्य दलित वस्तिहरु पनि उक्त वस्तीलाई अनुसारण गरि नमुना दलित वस्ती निर्माण तत्पर हुनछन्।

## परिच्छेद -३

## मुख्य मुख्य क्रियाकलापहरु

**६. क्रियाकलापहरु**

क) भौतिक पुर्वधार निर्माण तथा मर्मत संहारः-

- खानेपानीको धारा व्वयस्थापन
- समुदायमा तथा घरमा फोहोरमैला व्वयस्थापन
- समुदायका चौतारा, गोरेटो बाटो, समुदायिक भवन, प्रतिक्षालय, सूचना पाटिको निर्माण तथा मर्मत
- सुधारीय चुलो, फूलवारी , करेसावारी तथा शौचालयको व्वयस्थापन

ख) सामाजिक क्षमता विकासः-

- समुदायका महिलालाई  लैङ्गिक हिंसा, जातिय छुवाछुत तथा विभेद, सामाजिक कुसंस्कार, संविधानले महिलाहरुलाई गरेको कानुनी व्वयस्थाहरु तथा  नेतृत्व विकास सम्बन्धी सचेतिकरण गर्ने

- वालवालिकालाई विहानी कक्षा संचालन गरि बाल अधिकार, बाल हिंसा तथा बालवालिकको असल अभ्यासको वारेमा सचेतिकरण गर्ने
- मदिरा सेवन गरि समुदायमा हुने हिंसा नियन्त्रणको लागि समुदायस्तरमा नियमहरु बनाई प्रभावकारी रुपमा कार्यान्वयन गर्ने ।
- ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरुलाई सम्मानजन जिवन जिउने वातावरण सिर्जना गर्ने।

ग) आर्थिक सिप विकास( कृषि तथा पशुपन्क्षीमा आधारीत)

- महिलाहरुलाई करेसावारी व्वयस्थापन सम्बन्धी तालिम
- महिला तथा युवाहरुलाई आर्गानिक तरकारी खेति, बाख्रा पालन तथा कुखुरा पालन सम्बन्धि तालिम
- परम्परागत सिपलाई परिमार्जन गर्दै बजारमैत्री रुपमा आधुनिकरण गर्ने जस्तै आरान सुधार, छाला प्रशोधन, सिलाई कटाई आदी
- लघु उद्यम संचालन तथा व्वयस्थापन सम्बन्धी तालिम

## परिच्छेद :- ४
## अनुगमन तथा मुल्याकन

### ७. अनुगमन तथा मुल्याङ्कन

नमुना दलित वस्ती निर्माण आयोजना अन्तगत संचालन गरिने क्रियाकलापहरुको प्रभावकारीताका लागि सरोकारवाला निकायहरुसंगको समन्वय तथा सहकार्यमा अनुगमन मुल्याकन गरिनेछ । अनुगमन मुल्यांकनका क्रममा प्राप्त सुझावहरुका आधारमा कार्यक्रमलाई परिमार्जन गर्दै लगिनेछ । साथै तपशिल बमोजिमका पदाधिकारी रहने गरी अनुगमन समिति गठन गरीनेछ ।
तपशिल :

१. उपाध्यक्ष - संयोजक
२. प्रमुख प्रशासकिय अधिकृत - सदस्य
३. गाउँ कार्यपालिकाका सबै दलित सदस्य सदस्य- सदस्य
४. कार्यक्रम लागु भएको वडामा वडा अध्यक्ष- सदस्य
५. गाउँपालिका स्तरीय दलित संञ्जालको प्रतिनिधि एक जना - सदस्य

## परिच्छेद ५
## विविध

**८. बाधा अड्चन निरूपणः-**

क) यस कार्यविधि कार्यान्वयनमा केही बाधा व्यवधान आइपरेमा वा विवाद उत्पन्न भएमा सोको निरूपण गाउँ कार्यपालिकको बैठकले गर्नेछ ।

**९. संशोधन तथा परिमार्जनः-**

क) यो कार्यविधिमा केही कुरा संशोधन वा परिमार्जन गर्न परेमा को सम्बन्धित शाखाको सिफारिसमा आवश्यकता अनुसार गाउँ कार्यपालिकाले संशोधन गर्न सक्नेछ ।

**१०. प्रचलित कानुन बमोजिम हुनेः-**

यस कार्यविधिमा उल्लेख भएका विषयहरू यसै बमोजिम र अन्य व्यवस्थाहरूको हकमा प्रचलित ऐन र कानुन बमोजिम हुनेछ ।